# गाउँपालिका अध्यक्ष कर्ण सिंह साउदज्यूद्वारा शिवनाथ गाउँपालिकाको तर्फबाट गाउँसभाको ११औं अधिवेशन समक्ष प्रस्तुत

# वार्षिक नीति तथा कार्यक्रम

# आर्थिक वर्ष २०८०/०८१

शिवनाथ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
शिवनाथ, बैतडी
सुदूरपश्चिम प्रदेश
नेपाल

१० असार २०८०

# (क) स्थानीय सरकारको नीति तथा कार्यक्रम

## आदरणीय सभाका सदस्यज्यूहरु,

यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महशुस गरेको छु । वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा गाउँपालिकालाई विभिन्न सुझाव दिनु हुने सम्पुर्ण आमा, बुवा, दाजुभाई तथा दिदी बहिनीहरु लगायत सहजकर्ताहरूलाई हार्दिक आभार सहित हामी सबैको तर्फबाट धन्यवाद व्यक्त गर्दछु। यस अवसरमा नेपालको प्रजातान्त्रिक आन्दोलन, राजनीतिक अग्रगमन र लोकतन्त्रको सवलीकरणको क्रममा भएका ऐतिहासिक आन्दोलनहरुमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु।

सुन्दर, समुन्नत र समृद्ध गाउँपालिका निर्माण गर्ने हाम्रो संकल्प, समस्त गाउँपालिका वासीको समृद्धिको चाहाना र हामीले निर्वाचनका क्रममा हाम्रा मतदाताहरु प्रति अभिव्यक्त गरेका प्रतिज्ञाहरु पुरा गर्ने दिशामा हामीले आगामी आ. व. २०८०/०८१ को नीति तथा कार्यक्रमलाई अभिमुख गरेकाछौं। यसका लागि दीगो विकासको राष्ट्रिय लक्ष्यहरुको स्थानीयकरण गर्दै गुणस्तरीय पूर्वाधार निर्माण सहित स्थानीय स्रोतको पहिचान र परिचालन गरी समावेशी, जलवायु उत्थानशील तथा दिगो स्थानीय आर्थिक विकास मार्फत समृद्ध गाउँपालिका सुखी जनताको लक्ष्य हासील गर्न सार्वजनिक, निजीक्षेत्र र समुदायको साझेदारी विकास गरिनेछ ।

गाउँपालिकालाई उत्कृष्ट गन्तव्यको रुपमा स्थापित गर्ने, सुकुम्वासीहरुको वैज्ञानिक व्यवस्थापन गर्ने, स्वच्छ, सफा र सुन्दर गाउँपालिकाको पहिचान कायम राख्ने र योजनावद्ध यस नीति तथा कार्यक्रमले प्रमुख प्राथमिकताहरुको रुपमा लिईएकोछ।

# (ख) विद्यमान परिवेश (राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक)

विश्वव्यापीरुपमा फैलिएको कोभिड-१९ महामारीबाट थलिएर माथि उठन लागेको अर्थतन्त्र पुनः रुस र युक्रेन युद्धबाट विश्व आपूर्ति श्रृंखलामा आएको संकुचनले नेपाललाइ समेत प्रभाव पारेकोछ । यसबाट संघीय सरकारको राजश्व परिचालनमा प्रभाव पर्न गै स्थानीय तहले पाउनु पर्न वित्तीय हस्तारणमा नकारात्मक असर पुगेकोछ ।

नेपालले जनसांख्यिक लाभ लिदै अल्प विकसित मुलुकबाट विकासशील मुलकको श्रेणीमा उक्लिनै लाग्दा हरेक दिन २ देखि ३ हजार युवाहरू रोजगारीको खोजीमा नेपाल छोडेर विदेसिनु पर्ने अवस्थाले हामी सबैलाइ गम्भीर वनाएकोछ ।आन्तरिक र वाह्य वसाइ सराइका कारण नेपालका गाउँघरहरू सुनसान वस्तीका रूपमा रूपान्तरित हुन पुगेकाछन । उब्जाउ खेत वारी बाँझो हुन पुगेकाछन । यस सन्दर्भमा युवालाइ देशिभत्रै रोजगारीको अवसर सृजना गर्ने र गाउँघरको वसाईलाइ आकर्षक वनाउने चुनौती हामी सबैको साझा मुद्दा हुन पुगेकोछ ।

यस विशिष्ट परिस्थितिमा हामीले हाम्रो अर्थतन्त्रलाई पुनर्उत्थानशील क्रियाकलाप मार्फत अगाडी बढाउदै तिब्र र दिगो आर्थिक विकास गरी समृद्ध नेपाल सुखी नेपालीको मुल लक्ष्य हासील

गर्नु परेको छ। यसका लागि हाम्रो गाउँपालिकामा स्थानीय आर्थिक विकासका कार्यक्रमलाइ विशेष जोड दिनु पर्ने अवस्था सृजना भएकोछ ।

सेवा प्रवाहलाइ थप प्रभावकारी बनाइ सुशासनको अनुभूति जनमानसमा ल्याउन गाउँपालिकाको क्षमता विकास गर्न समेत अपरिहार्यछ । यसका लागि बिद्युतीय सुशासन प्रणालीलाइ सेवा प्रभावमा ब्यापक र प्रभावकारी वनाउनु पर्ने अवस्था देखिन्छ ।

# (ग) विकास तथा समृद्धिको लक्ष्य प्राप्तिका अवसर तथा चुनौती

## विद्यमान अवसरहरू:

### हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेकाछन:

१. संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।
२. आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून, योजना तर्जुमाको अभ्यास हुनु ।
३. विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।
४. गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।
५. सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।
६. सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।
७. घरहरूको निर्माणमा भवनसंहिता पालना हुने क्रम बढनु तथा नक्सापास गर्न नागरिकको आकर्षण बढ्नु ।

## विद्यमान चुनौतीहरू:

### हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेकाछन:

१. रोजगारउन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२. बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३. गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४. युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५. ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६. वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७. निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८. सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।

९. भिरालो ठाउँ, बाढी पहिरो लगायतका प्रकोपको उच्च जोखिम भएका वस्तीमा भवन निर्माण कार्यलाई रोक्नु।

१० . अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।

१०. बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।

११. सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।

**१२.** विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

# (घ) नीति तथा कार्यक्रम तर्जुमाका आधारहरू:-

नेपालको संविधानमा स्थानीय शासन सम्बन्धी उल्लेख भएको नीतिगत ब्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहले आवधिक, वार्षिक तथा रणनीतिक योजनाहरू बनाई लागू गर्दै जानुपर्ने प्रावधान, राष्ट्रिय योजना आयोगले जारी गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८, पन्ध्रौं आवधिक योजनाको मूलभूत पक्षहरू अनुसार विभिन्न चरणको सहभागितामूलक प्रक्रियाबाट यस गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएकोछ ।

पन्ध्रौं योजना, दिगो विकास लक्ष्य २०३० को मार्गचित्र, गाउँपालिकाको आवधिक योजना, मध्यमकालीन खर्च योजना, गाउँपालिकाले कार्यान्वयनमा ल्याइएका कानुनी प्रावधान समेतलाइ ध्यानमा राखी यो नीति तथा कार्यक्रम ल्याईएकोछ ।

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।

# (ङ) चालु आ.व.को हालसम्मका प्रमुख उपलब्धीहरूको संक्षिप्त विवरण

*"समृद्ध शिवनाथको आधार कृषि, स्वास्थ्य, शिक्षा, सुशासन र रोजगार।"*

## भौतिक पूर्वाधार विकास तर्फ

१. प्रशासकीय भवन सुरक्षाको लागि पक्की घेरबार निर्माण सम्पन्न गरिईएको छ ।

२. पालिका स्तरीय खेलमैदान निर्माण गर्नुका साथै वडा नं. १ र २ मा वडा स्तरीय खेलमैदान पूर्ण रुपमा निर्माण कार्य समपन्न हुने तयारीमा रहेकोछ ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट हस्तान्तरण जग्गामा १६ र ४ कोठे गाउँपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भई कार्यालय नियमित सञ्चालनमा आएको छ ।

४. गाउँपालिकाको सहयोगमा वडा नं. ४ र ६ को वडा कार्यलय सम्पन्न भएकोछ र वडा नं. १ र ३ को वडा कार्यालय निर्माण कार्य सम्मन्न हुने चरणमा छ ।

५. कुस्तमौत घाट प्रहरीचौकी, सुल्लेखान प्रहरीचौकी र बि.ओ.पि. कुस्मौत घाटलाई सोलार फर्निचर खरिद र भन्सा व्यवस्थापन गरिईएको छ ।

६. खानेपानी समस्या समाधान गर्नको लागि शिवनाथ गाउँपालिका वडा नं. ३ मा पोखरेठी लिफ्ट र वडा नं. ५ मा सिमार लिफ्टको निर्माण कार्य अन्तिम चरणमा पुगेकोछ ।

७. जग्गा समस्याको कारण रोकिएको पालिका स्तरीय १० शैयाको आधारभूत अस्पताल निर्माण कार्य अगाडी बढाएकोछ ।

८. गाउँपालिकाको कार्य क्षेत्र भित्र ट्रयांक खोलिएका सडकहरुको स्तरोउन्नति गरिएकोछ ।जस मध्ये सुल्लेखान शर्माली नागार्जुन सडकको विगत ३ वर्ष देखि प्राप्त संघ समपुरक कार्यक्रम ठेक्का प्रक्रिया मार्फत सञ्चालन भई स्तरोउन्नतिको काम अन्तिम चरणमा रहेकोछ ।

९. शिवनाथ गाउँपालिकाको पहलमा प्रत्येक वडाका टोल बस्तिहरुमा सडक सञ्जाल मार्फत जोडने कार्यहरुलाई अगाडी बढाउने क्रममा अधिकांश टोल वस्तिहरु सडक संञ्जाल मार्फत जोडीएका छन । जसमध्ये ४ वटा मुख्य सडक र २५ वटा शाखा सडकहरु गरी जम्मा १६४.४ कि.मि. सडक निर्माण भएकोछ ।

१०. गाउँपालिका भित्रका अधिकांश सडकहरुको (**DPR**) बृस्तृत परियोजना प्रतिबेदन तयार गरिएको छ ।

११. गाउँपालिकाले तयार गरेको यातायात गुरु योजना (**MTMP** ) बमोजिम प्राथमिकता निर्धारण भएका सडकहरुको निर्माण तथा स्तरोउन्नति कार्य सुरुवात गरिएको छ ।

# शिक्षा, युवा तथा खेलकुद तर्फ

१. आधारभूत तह अन्तर्गत शैक्षिक सत्र २०७९ सालको कक्षा ८ को परीक्षा सञ्चालन, व्यवस्थापन तथा प्रमाणीकरण कार्य सम्पन्न भएकोछ ।

२. सामुदायिक विद्यालयहरुको लेखापरीक्षण गर्न गराउन लेखापरीक्षकहरुको नियुक्ति तथा खटनपटन गरिएईकोछ।

३. दूरसञ्चार प्राधिकरणको सहयोगमा २७ वटै आधारभूत विद्यालयहरुलाई इन्टरनेट सेवा जडान गरिईएकोछ।

४. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत एउटा विद्यालयमा ४ कोठे, एउटा विद्यालयमा २ कोठे भवन र २ वटा विद्यालयहरुमा ICT ल्याबका लागि सम्झौता सम्पन्न भएकोछ ।

५. बहुक्षेत्रिय पोषण योजनाको सहयोगमा प्रारम्भिक वालविकास सहजकर्ताहरुका लागि १ दिने पोषण तथा सरसफाइ तालिम सम्पन्न भएकोछ

६. विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान, विज्ञान प्रयोगशाला अनुदान र पुस्तकालय अनुदान उपलब्ध गराई कार्य सम्पन्न भएकोछ ।

७. आधारभूत र माध्यमिक तहमा शुन्य दरबन्दी भएका वा एकमात्र दरबन्दी भएका विद्यालयहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी बिषयमा ५ वटा माध्यमिक विद्यालयहरुमा, ९ वटा नि.मा.वि. र ६ वटा आधारभूत विद्यालयमा ३ वटा दरबन्दी बराबरको अनुदान निकासा गरिईएकोछ।

८. गाउँपालिका अनुदानबाट तलब भत्ता ब्यहोर्ने गरी ६६ जना निजिश्रोत शिक्षक र २० जना बालविकास सहजकर्ता गरी जम्मा ८६ जनाहरुलाई प्रत्यक्ष रोजगार सिर्जना गरिईएकोछ ।

९. कोभिड-१९ का कारण उत्पन्न बिपदजन्य परिस्थितिमा पुगेको शैक्षिक क्षतिलाई न्युनिकरण गर्न गाउँपालिका अन्तरगतका सामुदायिक विद्यालयहरुमा कक्षा १० अध्ययनरत विद्यार्थीहरुका लागि अतिरिक्त कक्षा सञ्चालन गरिईएकोछ।

१०. समय समयमा गाउँपालिका स्थित बिभिन्न विद्यालयका शिक्षकहरुलाई शिक्षकको पेशागत सक्षमता विकासका लागि तालिम केन्द्रहरुमा खटाइएकोछ।

११. शिक्षकको का.स.मू लगायत शिक्षक सेवा प्रमाणीकरण जस्ता सेवा प्रवाह गरिईएकोछ।

१२. विद्यालय संख्याः माध्यमिक तह ८ वटा, निम्न माध्यमिक तह ५ वटा, प्रा.वि.तह ( कक्षा १-५) १६ वटा र प्रा.वि.तह (कक्षा १-३) ५ वटा गरी जम्मा ३४ वटा विद्यालय, ६ वटा बाह्य शिशु विकास केन्द्र र सामुदायिक अध्ययन केन्द्र १ वटा रहेका छन।

१३. गाउँपालिका स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरी जिल्ला स्तरीय प्रतियोगितामा सहभागी भई क्षेत्रिय तथा राष्ट्रिय स्तरको प्रतियोगिताका लागि खेलाडी छनोट भएका छन।

१४. गाउँपालपिका स्तरीय हाजिरी जवाफ, बक्तित्वकला र अतिरिक्त क्रियाकलापहरु सञ्चालन गरिईएकोछ।

१५. कार्य अवधि समाप्त भएका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिहरुको नया विद्यालय व्यवस्थापन समितिहरु गठन गरिईएकोछ।

**१६.** शैक्षिक गुणस्तर सुधारका लागि आधाभूत तह कक्षा (४ देखि ५) र कक्षा (६ देखि ८) स्थानीय पाठ्यक्रम निर्माण सम्पन्न भएकोछ ।

# स्वास्थ्य क्षेत्र तर्फ

१. गाउँपालिकाको पहलमा पूर्ण संस्थागत सुत्केरी गाउँपालिका र ० होम डिलेभरी गराउन ६ वटै वडा भित्र दक्ष जनशक्ति सहितको प्रविधिक सेवा उपलव्ध गराई १८ वटा सुरक्षित प्रसुति केन्द्र स्थापना गरीएकोछ, साथै गर्भवतिलाई कोशेली कार्यक्रम सञ्चालन गरि पालिका भित्रका ६ वटै वडा लाइ पूर्ण संस्थागत सुत्केरी वडा घोषणा गर्ने लक्ष राखिएकोछ।

२. वडा नं. १, ३ र ५ मा आधारभूत सेवा केन्द्र स्थापना साथै स्वास्थ्य चौकी र आधारभूत सेवा केन्द्रमा बैकल्पिक उर्जा प्रर्वद्धन केन्द्र सहयोगमा २ कि.वा. को सौर्य उर्जा जडान भएको छ ।साथै खोप सेवा लाई ब्यवस्थित गर्न ६वटै वडामा डोमेस्टिक फ्रिजको ब्यवस्था गरिईएकोछ ।

३. साथै स्वास्थ्य सेवा ब्यवस्थापा सूचना ब्यवस्थापन प्रणालीलाई ब्यवस्थापन गर्न ७ वटै स्वास्थ्य सस्थाहरुमा ल्याप्टप तथा प्रिन्टरको ब्यवस्था गरिएकोछ र आवश्यक तालिम सबै स्वास्थ्य सस्था प्रमुख लाई दिईएकोछ ।

४. गर्भवतीलाई घरमै अथवा टोलमै सेवा उपलव्ध गराउने उदेश्यले घुम्ति सेवा मार्फत भिडियो एक्सरे सेवा संचालनमा आएकोछ ।

५. पाठेघरको मुखको क्यान्सर पत्ता लगाउन समय समयमा शिबिर संचालन गरिएको छ।

६. दिर्घकालिन रोगहरुको समयमै पत्ता लगाई आवश्यक निदानका लागी क्षयरोग जस्ता बिभिन्न रोगहरु पत्ता लगागल समय समयमा शिबिरहरु संचालन गरीएको छ ।

७. शिवनाथ गाउँपालिकाका ० देखि ५९ महिनासम्मका सबै बालवालिकाहरुलाई १५ महिना भित्र पाउँनु पर्ने सम्पूर्ण खोप पुरा गरी पूर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा गरेका छौं ।

८. प्रदेश सरकारसँग समन्वय गरि वडा नं. २, शर्मालीमा आर्युवेदीक आरोग्य केन्द्र स्थापना गरिएकोछ ।

# खानेपानी क्षेत्र तर्फ

१. गाउँपालिकाको पहलमा हालसम्म विभिन्न खानेपानी आयोजना सञ्चालन गरी **एक घर एक धारा**को नीति अनूरुप ७१६ धारा निर्माण सम्पन्न भएका छन ।
२. गाउँपालिकाको आफ्नै पहलमा स-साना खानेपानी योजना निर्माण तथा पाईपहरु वितरण गरिईएका छन ।
३. गाउँपालिकाको पहलमा प्रदेश सरकारको सहयोगमा ४ वटा सोलार लिफ्टिङ खानेपानि योजना सम्पन्न भएका छन ।
४. वास इकाई र खानेपानि उपभोक्ता समिति सन्जाल स्थापना गरी खानेपानीलाई बिशेस प्राथमिकता दिदैं आएको छ ।

# कृषि क्षेत्र तर्फ

१. कृषिलाई आय आर्जनको मुख्य पेशा बनाउने उदेश्यका साथ वडा नं. ३, ५ र ६ लाई कृषि पकेट क्षेत्र घोषणा गरी २५० वटा प्लाष्टीक हाउस वितरण गरिएकोछ भने अदुवा, वेसारलाई व्यवसायीक रुपमा अगाडी बढाईएको छ ।
२. कृषि उत्पादनलाई बजारिकरण गर्न गाउँपालिका केन्द्रमा संकलन केन्द्र स्थापना गरिएकोछ ।
३. २७७ जना कृषकलाई ८० प्रतिशत अनुदानमा बीमौसमि तरकारीको उन्नत बिउ वितरण गरिईएकोछ ।
४. १९ जना कृषकहरुलाई अदुवा र व्यसारको बिउ वितरण गरिईएकोछ ।
५. सबै वडाका ३५ कृषक समूहलाई थोपा सिचाई वितरण गरिईएकोछ ।
६. सबै वडाका ८८ जना कृषकलाई ९० प्रतिशत अनुदानमा सिलपोलिक प्लाष्टिक वितरण गरिईएकोछ ।
७. वडा नं. ३ र ६ मा किसान सूची कार्यक्रम मार्फत किसानहरुलाई सूचीकृत गरिईएकोछ ।

# पशु क्षेत्र तर्फ

१. मासुमा आत्मानिर्भर हुनका लागि १० जनालाई कुखुरा पालन व्यावसायीक अनुदान, २ जनालाई बगूंर पालन व्यावसायीक अनुदान, ९ जनालाई बाख्रा पालनमा व्यावसायीक अनुदान वितरण कार्य सम्पन्न भएकोछ ।

२. आन्तरिक तथा बाह्य परजिबी बिरुद्ध वितरण गरेको औषधी मार्फत बाख्राको संख्या ५०००, गोरुको संख्या ४००, भैसीको संख्या १५०, गाईको संख्या ६० र कुखुराको संख्या ३००० रहेकोछ ।

३. लम्फि स्किन भाईरस उपचार सेवामा गाई ६०, गोरु ५०० र भैसी ५० को संख्या जतिलाई उपचार गरिएको छ ।

४. कृत्रिम गर्भधान सामाग्री खरिद गरिईएकोछ ।

# पर्यटन क्षेत्र तर्फ

१. शिवनाथ मन्दिरको गुरु योजना तयार गरि गुरु योजनाले औल्याएका निर्माण कार्य ४ वटा गेट, पदमार्ग निर्माण सम्पन्न भएका छन भने एतिहासिक शर्माली गढीको गुरु योजना तयार गर्ने काम सम्पन्न भई नेपाली सेनाको सहयोगमा गढी किल्लाको संरक्षण गर्ने कार्यको आरम्भ भएकोछ ।

२. वडा नं. १ स्थित प्रसिद्ध नागार्जुन घाट तिर्थस्थलको बिस्तृत आयोजना प्रतिवेदन **(DPR)** तयार गरिईएकोछ ।

३. उदयदेव मन्दिरको धार्मिक पर्यटकिय गुरु योजना तयार गरिईएकोछ ।

४. खोल्देव केदार मन्दिर क्षेत्र भित्र धर्मशाला र शौचालय निर्माण कार्य सम्पन्न गरिईएकोछ ।

# झोलुङ्गे पुल क्षेत्र तर्फ

१. शिवनाथ गाउँपालिका वडा नं. ४ बगार झो. पू. र सेल्या कोपरे झो. पू. हरु निर्माण सम्मन्न भएको तथा बाकी पूलहरु मटेला खोला र गनागाड झो. पू. निर्माण सम्पन्न हुने क्रममा रहेकोछ।

# दलित तथा महिला क्षेत्र तर्फ

१. दलित तथा महिलाहरुको माग सम्वोधन एंव समस्या समाधान गर्न पालिका स्तरीय दलित संजाल र महिला संजाल गठन गरि माग सम्वोधन गरीएकोछ, साथै दलित र महिलाको आय आर्जनमा बृद्धि गर्न विभिन्न सामाग्रीहरुमा (सिलाई कटाई मसिन तथा आरन सुधार) वितरण गरिएकाछन ।

# महिला, बालबालिका तथा जेष्ट नागरिक क्षेत्र तर्फ

१. आर्थिक वर्ष २०७९/०८० मा बैतडी जिल्ला अस्पतालको प्राविधिक सहयोगमा गाउँपालिकाले आयोजना गरेको अपाङ्गता पहिचान शिविरबाट अपाङ्गता पहिचान गरिएका जम्मा संख्या ४० जनामध्ये क वर्गका ८, ख वर्गका ११, ग वर्गका १५ र घ वर्गका ६ जना रहेका छन । त्यस्तै जिल्ला अस्पताल डडेल्धुरा र जिल्ला अस्पताल बैतडीबाट स्पष्ट रुपमा वर्ग खुलाई सिफारिस गरिएका जम्मा ५ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ ।

# सुशासन तथा संस्थागत विकास ९ कानूनी व्यवस्था, राजश्व परिचालन, संगठन संरचना, सार्वजानिक निजी साझेदारी एवं समन्वय भएका उपलब्धी

१. गाउँपालिकाले १२ वटा ऐन, ४ वटा नियमावली, २० कार्यविधि, र १ निर्देशिका तर्जुमा गरी कार्यान्वयनमा ल्याईएको छ ।
२. गाउँपालिकापालिकाले संगठन तथा ब्यवस्थापन सर्वेक्षण गरी सो अनुसारको संगठन संरचना, जनशक्ति र कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याईएकोछ ।
३. यस गाउँपालिकाले गत आ.व. को स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन **(LISA)** मा ६२.२५ अंक र स्थानीय तह वित्तीय सुशासन जोखिम पूल्याङ्कन **(FRA)** मा ५४ अंक प्राप्त गरेकोछ ।
४. राजश्व सुधार कार्ययोजनाको कार्यान्वयनबाट आन्तरित राजश्व स्रोतको दायरामा वृद्धि भएकोछ ।
५. आर्थिक कारोबारलाई पारदर्शि र मितव्यई बनाउन पूर्ण रुपमा विद्युतिय भुक्तानी **(EFT)** गरिईएको छ ।
६. गाउँपालिका, वडा कार्यालयहरुमा छिटो, छरितो, पारदर्शी र प्रविधिमैत्रि बनाउन **IPS (Internet Service Provider)** जडान गरी इन्टरनेट सेवा सञ्चालनमा ल्याईएकोछ ।
७. राजश्वा व्यवस्थापन प्रणालीलाई प्रविधिमैत्री बनाउन **Online** भुक्तानी पोर्टल सेवा सञ्चालन गरिईएकोछ ।

# उद्योम विकास (मेड्पा कार्यक्रम) तर्फ

१. शिवनाथ गाउँपालिका अन्तर्गतको उद्योम विकास शाखाले आ.व. २०७९/०८० मा उद्यमशिलता विकास तालिम मार्फत वडा नं. २ र ५ का ९२ जनालाई सिप विकास तालिमका साथै दालमोठ तथा आलु चिप्स २४ जनालाई, सिलाई कटाई १६ जनालाई, होजियारी तालिम १२ जनालाई, दालमोठ मेशिन वितरण २४ जनालाई र औद्योगीक भ्रमण तथा वित्तमा पहुँचमा ल्याउनु १२ जनालाई ३ दिनको भ्रमण गराईएकोछ ।

२. यस कार्यक्रम मार्फत वडा नं. २ का ८० जनालाई तरकारी खेतीमा आत्मा निर्भर बनाउन ८ दिने कार्याक्रम सम्पन्न गरिईएकोछ ।

# विविध तर्फ

१. गाउँपालिकाको पहलमा धार्मिक तथा पर्यटकीय क्षेत्र स्थानीय बजारहरुमा सडक वत्ति (२४) थान जडान गरिईएको।

२. कमजोर आर्थिक अवस्था भएका दिर्घ रोगी र विपदको जोखिममा रहेका परिवरलाई कार्यविधि अनुसार निबेदनका आधारमा राहत तथा आर्थिक सहयोग उपलव्ध गराइएको छ ।

३. प्राविधिक शिक्षा हासिल गर्ने विपन्न परिवारका व्यक्तिहरुलाई प्राविधिक छात्रवृत्ति उपलव्ध गराईएकोछ ।

४. आ.व. २०७९/०८० को प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि **EMIS** मा १५६० जना बेरोजगार व्यक्ति सूचीकृत गरिईएकोछ।

५. आ.व. २०७९/०८० को प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत युवा रोजगारीकालागि रुपन्तरण पहल आयोजना र कामका लागि पारिश्रमिकमा आधारिक समुदायिक योजना गरीगाउँपालिका भरी १८ वटा योजना सञ्चालन भई रहेका छन र उक्त योजनाहरुमा १४३ जनालाई १०० दिन बराबरको रोजगारी उपलब्ध गराईएकोछ ।

६. बिद्यार्थी भर्ना दर बढाउन र बिद्यार्थी लाई निरन्तर विद्यालयमा उपस्थित गराउन सञ्चालन गरीएको दिवा खाजा कार्यक्रम निरन्तर रुपमा चलिरहेकोछ ।

७. आर्थिक वर्ष २०७९/०८० मा न्यायीक समिति मार्फत गाउँपालिका भित्र जम्मा मुद्दा संख्या ९ वटा जस अन्तर्गत घरेलु हिंसा मुद्दाको संख्या ३, कुटपिट मुद्दाको संख्या ४, मिलापत्र मुद्दाहरुको संख्या ६ र अन्य ३ मुद्दाहरुको मेलमिलाप गराई किनारा लगाईएको छ।

८. २०७९/०८० मा न्यायीक समितिले वडा नं. १ देखि वडा नं. ६ सम्म १८ जना मेलमिलाप कर्ता गठन गरिईएकोछ ।

१०.घटना दर्ता कार्यलाई **Online** मार्फत दर्ता गराउने कार्यकासाथै सम्पूर्ण वडाहरुका प्रशासनिक कामहरु लाई **Digitalization** का माध्मबाट गर्ने कुरा सम्पन्न गरिईएकोछ।

११.शिवनाथ गाउँपालिकाको ६ वटै वडाका बिभिन्न टोलहरुमा गई घटना दर्ता र सामाजिक सुरक्षा भत्ता वितरण गरिईएकोछ।

१२.आर्थिक वर्ष २०७९/०८० मा ९३२ जनाको जन्म दर्ता, १३५ जनाको मृत्यू दर्ता, सम्बन्ध बिच्छेद दर्ता १, विवाह दर्ता २०२, बसाई सरी आएको दर्ता संख्या ८, बसाई सरी जानेको दर्ता संख्या ४९ रहेकोछ ।

१३.सामाजिक सुरक्षा भत्ता घुम्ति शिविर मार्फत १०५३ जेष्ट नागरिकहरुले टोलमै भत्ता उपलब्ध गराईनेछ ।

१४.सार्वजनिक खरिदलाई व्यवस्थित गर्न नेपाल सरकारले तयार पारेको सार्वनजिक खरिद व्यवस्थापन प्रणाली **PAMS** को पूर्ण रुपमा कार्यान्वयन गरिईएकोछ ।

१५. प्रत्येक वडामा व्यक्तिगत घटना दर्तालाई व्यवस्थित बनाउन घटना दर्ता सप्ताह कार्यक्रम सम्पन्न गरिईएकोछ ।

१६.आगामि ४ वर्षको लागि गाउँपालिकाको आवधिक योजना निर्माण कार्य सम्पन्न भईसकेको छ सो आवधिक योजनाले गाउँपालिका भित्र सञ्चालनहुने योजना छनौंटमा सहजता ल्याउने विश्वास लिएईकोछ ।

१७.विपदजन्य घटनामा परेका २१९ घरपरिवारलाई राहत उपलब्ध गराईएकोछ ।

१८.विपद पूर्व तयारीको लागि आवश्यक सामाग्रीको खरिद गरी तयारी अवस्थामा राखिईएकोछ । ।

१९.आपतकालिन केन्द्र संचालनमा आवश्क पहल गरिईएकोछ ।

**सभाका सदस्य महोदय,**

**अब म अगामि आर्थिक वर्ष २०८०/०८१ मा शिवनाथ गाउँपालिकाले अवलम्वन गर्ने निति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

***"समृद्धि शिवनाथ गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन, पूर्वाधार र रोजगार।"***

नेपालको संविधान २०७२ बमोजिम विद्यमान संघीय ऐन तथा कानुन, प्रदेश ऐन कानुनसंग नबाझिने गरी स्थानीय तहलाई आवश्यक पर्ने संविधानको अनुसूची ८ बमोजिम स्थानीय कानुन निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई प्राथमिकता दिईनेछ ।

# क्षेत्रगत नीति तथा कार्यक्रमः-

## सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

### १) शिक्षा

१. सवै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चितको लागि सेवामा पहुँच र गुणस्तर वृद्धि गरिईनेछ।

२. सबै बालबालिकाहरूका लागि समतामूलक तथा गुणस्तरीय आधारभूत तथा माध्यमिक शिक्षामा पहुँच सुनिश्चित गरिनेछ ।

३. सबैको पहुँच तथा सहभागिता हुने गरी सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाईनेछ।

४. गुणस्तरीय शिक्षाका लागि योग्य, व्यावसायिक रूपमा दक्ष, पेसाप्रति उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षकको व्यवस्था सुनिश्चित गरिईनेछ।

५. सबै तह र प्रकारका शिक्षकहरुको तालिम मार्फत क्षमता अभिवृद्धि गरिईनेछ।

६. विषयगत रुपमा शिक्षक व्यवस्थापन गरिईनेछ।

७. सबै प्रकारका निरक्षरहरुलाई पुर्ण रुपमा साक्षर बनाइ जीवनस्तरमा सुधार गरिईनेछ।

८. सुचना तथा सञ्चार प्रविधिको प्रयोग गरी विद्यार्थीको सिकाई उपलब्धिमा सुधार गरी गुणस्तरिय शिक्षाको प्रवर्धन गरिईनेछ।

९. विपद्को अवस्थामा बालबालिकाको शिक्षालाई निरन्तरता दिई उनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकासमा सहयोग पुर्‍याएकोछ ।

१०. शिवनाथ गाउँपालिकको समग्र शैक्षिक बस्तुस्थितिलाई समेटदै गाउँ शिक्षा योजना निर्माण गरिईनेछ।

११. विद्यार्थीहरुको पढने बानीको बिकास गर्न तथा पठनपाठनमा सुधार ल्याउन सोही बमोजिमका क्रियाकलापहरु गराईनेछन।

१२. पालिकास्तरमा हाजिरीजवाफ,साहित्य लेखन लगायत अतिरिक्त क्रियाकलाप मार्फत प्रतिभा उजागर गर्दै उत्कृष्टलाई पुरुष्कृत हुने अवसर समेत दिईनेछ।

१३. शिक्षाका महत्वपुर्ण बिषयहरुमा छलफल तथा प्रगति समीक्षा गर्न नियमितरुपमा पालिका स्तरमा समयसमयमा बैठक आयोजना गरिईनेछ।

१४. सवै वालवालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउन समतामुलक पहुँच सुनिश्चित गर्दै गुणस्तरिय शिक्षा प्रदान गरिईनेछ ।

१५. गाउँपालिका भित्रको शिक्षा प्रणालीमा सुशासन कायम गरी पारदर्शिता , उत्तरदायित्व , जिम्मेवारी र जवाफदेहिताको विकास गरिईनेछ। ,

१६. शिक्षा क्षेत्रमा भित्रिएका नविनतम् प्रविधिको उच्चतम उपयोग गरी संचार तथा सुचना प्रविधिको सञ्जाल मार्फत सम्पर्क स्थापित गरिईनेछ।

१७. विद्यार्थी भर्ना कार्यक्रमलाइ शैक्षिक सत्र सूरु हुनु भन्दा एक महिना पहिले देखी नै प्रभावकारी रुपमा संचालन गरिईनेछ ।

१८. शिक्षा सम्बन्धी सरोकारवालाहरुका लागि जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिईनेछ ।

१९. विद्यालय शिक्षा भन्दा बाहिर रहेका विद्यालय उमेर समुह भन्दा बढी उमेर भएका बालबालिकाहरुका लागी बैकल्पिक शिक्षाका कार्यक्रमहरु संचालन गरिईनेछ ।

२०. न्युन आर्थिक अबस्थाका कारण विद्यालय आउन नसक्ने गरिब बालबालिका , सिमान्तकृत समुहका बालबालिका र सडक बालबालिकाहरुका लागी शैक्षिक सामग्री तथा छात्रवृतीको व्यवस्था गरिईनेछ ।

२१. कक्षा अनुगमन र निरिक्षणको कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गरिईनेछ ।

२२. प्रारम्भीक बालविकास समुहका बालबालिकाहरु लाई अनिवार्य पुर्व प्राथमिक शिक्षा लिने व्यवस्था मिलाईनेछ ।

२३. दुर्गम क्षेत्र र नजिकमा बालविकास केन्द्र नभएका स्थानहरुमा विद्यालय नक्सांकन गरी आवश्यक्ता अनुसार बालविकास केन्द्र र विद्यालयहरु स्थापना गरिईनेछ ।

२४. नयाँ पाठ्यक्रम तथा एकीकृत पाठ्यक्रम सम्बन्धी पालिका स्तरमा प्रबोधीकरण सञ्चालन गरिईनेछ।

२५. सम्बन्धित क्षेत्रका बिज्ञ समेटी प्रशिक्षण मार्फत हाल मूल्याकंनका सम्बद्धमा देखिएका कौतुहलता समाप्त गरिईनेछ।

२६. विद्यार्थी शिक्षक बि व्य स को उत्कृष्ट कार्यसम्पादन लाई पुरुष्कार सित जोडिईनेछ।

२७. कक्षा (४ - ५) र कक्षा (६ - ८) को स्थानीय पाठ्यक्रम तयार गरी अध्यापन कार्य बढाईनेछ ।

२८. विद्यालय पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२९. विद्यार्थी संख्या, भौगलिक बिकटतालाई आधार बनाई विद्यालय समायोजन गरिईनेछ ।

३०. यस पालिका भित्र उच्च शिक्षा प्रदान गर्न क्याम्पस स्थापनाका लागि आवश्यक पहल गरिईनेछ ।

## २) संस्कृति सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकालाई खुल्ला वहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पूर्वाधार निर्माण गर्दा वहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मूर्तिकला, चित्रकला जस्ता symbol हरु निर्माण गरिईनेछ।

२. गाउँपालिका भित्र बोलिने विभिन्न जातजातिका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्याकरण लेखन तथा प्रकाशन गर्ने नीति लिईनेछ।

३. गाउँपालिका भित्र आयोजना हुने मेला, महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लिइनेछ।

## ३) युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

१. खेलकुदको विकास गर्न विभिन्न खेलहरुका लागि खेलकुद मैदान लगायतका खेल पूर्वाधार निर्माण तथा मर्मत सम्भार गरिईनेछ।

२. विषयगत खेल पुरस्कार राशीहरु स्थापना तथा दिगो ब्यवस्थापन गर्दै जाने नीति लिईनेछ।

३. विभिन्न किसिमका दुर्व्यसनमा परेका युवाहरुलाई निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक कार्यक्रमहरु मार्फत दुर्व्यसन मुक्त गराई समाजमा पुनस्थापनाको प्रबन्ध मिलाइनेछ।

४. वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उद्यमशीलता विकासका लागि गाउँपालिकाको स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवध्द गरिईनेछ।

५. युवा उद्यमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई “विदेश हैन बिजनेस” भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराईनेछ।

६. युवा बेरोजगारी न्यूनिकरणका लागि सरकारी, गैरसरकारी, सहकारी तथा निजी क्षेत्रको समन्वय र सहकार्यमा सिप तथा उद्यमशील क्षमता विकासका कार्यक्रमहरु संचालन गरिईनेछ।

७. “एक वडा, एक खेलमैदान” को नीति लिई युवाहरुलाई खेलप्रति आर्कष्ण बढाईनेछ ।

८. विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स सामाग्री मर्मत, प्लम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, ब्यावसायिक पशु पालन तथा तरकारी खेती जस्ता तालिमहरु प्रदान गरी गरीबी न्यूनिकरण र जिविकोपार्जनमा सहजीकरण गरिईनेछ।
९. गाउँपालिका गौरवका रुपमा रहेका खेलकुद प्रतियोगिताहरु आयोजना गर्न सहकार्य र साझेदारी गरिईनेछ।

# ४) लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. लैङ्गिक विभेद अन्त्य गर्दै लैङ्गिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गरिईनेछ।
२. महिला, बालबालिका, अल्पसंख्यक, भूमिहिन, अति गरिब, आदिवासी जनजाति र सामाजिक बहिस्करणमा परेका वर्गको लागि उत्थानशील कार्यक्रमहरु संचालन गरिईनेछ।
३. ऐतिहासिक कालदेखि दलित तथा शील्पी समुदायले, जीवन निर्वाहको रुपमा अपनाइ आएका परम्परागत पेशालाई व्यवसायिक उद्यमको रुपमा विकास गर्न पुँजि लगानी सहयोग गरिईनेछ।
४. विकासका कार्यक्रमहरुमा टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइनेछ, सघन परिचालन गरिईनेछ।
५. अपाङ्गता सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
६. ज्येष्ठ नागरिक परिचयपत्र वडास्तरबाट नै उपलब्ध गराउने व्यवस्था मिलाईनेछ।
७. हिंसा पिडित महिला तथा बालबालिकाको लागि एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गरिईनेछ।
८. "हिंसा मुक्त गाउँपालिका हाम्रो पहिचान" अभियान संचालन गरी सबै प्रकारका हिंसा विरुद्ध शुन्य सहनशिलता नीति लिइनेछ। पारिवारिक हिंसाद्वारा पिडितको संरक्षणका कार्यक्रम संचालन गरिईनेछ।
९. गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैङ्गिक परीक्षण गर्ने व्यवस्था मिलाईनेछ।
१०. महिला उद्यमसीलता विकासका लागि महिलाद्वारा प्रवर्द्धित व्यवसायमा निश्चित प्रतिशत कर छुटको व्यवस्था गरिईनेछ।
११. गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन गरिईनेछ।
१२. गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।
१३. बालविकास केन्द्रहरुको भौतिक पूर्वाधार स्तरोन्नति गरिईनेछ।
१४. गाउँपालिका बालमैत्री घोषणा हुन बाँकी सबै वडाहरुलाई आ. व. २०८०/८१ भित्र बालमैत्रि वडा घोषणा गर्ने कार्य सम्पन्न गरिईनेछ।

# ५) स्वास्थ्य सम्बन्धी नीति तथा कार्यक्रम

१. करार स्वास्थ्यकर्मी भर्ना ,निरन्तरता र सेवा सुबिधा गाउपालिकाको क्षमता अनुसार सेवा सुविधामा बृद्धि गरिईनेछ।

२. गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा गर्भवति महिलाले बच्चा जन्ममाउन नसकि बाहिर रिफर गर्नु पर्ने अवस्थामा गाउँपालिकाबाट निःशुल्क एम्वुलेन्स सेवालाई निरन्तरता दिईनेछ ।

३. स्वास्थ्य सस्थामा चौबिसै घण्टा दक्ष प्रसुतिकर्मी (SBA) लाई तयारी अवस्थामा राख्नेब्यवस्था मिलाईनेछ

४. PNCHome Visit कार्यक्रमलाई तप प्रभावकारी बनाउन कार्यक्रम संचालनमा ल्याईनेछ।

५. संस्थागत सुतकेरीलाई बढावा दिन थप नयाँ कार्यक्रमहरु ल्याइनेछ ।

६. सुरक्षित प्रसुतीकेन्द्र र स्वास्थ्य सस्थालाई न्युनतम औजार तथा उपकरण सहितको गुणस्तरीय सेवा प्रदान गर्ने सस्था बनाउन आवश्क पहल गरिईनेछ।

७. SBA IMPLANT IUCD तथा MA तालिमको माध्यम बाट दक्ष जनशक्ति उत्पादन गर्न र सेटलाईट क्याम्प संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिईनेछ ।

८. ग्रामीण अल्ट्रासाउन्ड घुम्ति शिबिर निरन्तरता दिईनेछ ।

९. खोप तथा गाउँघर क्लिनिक सुदृढिकरण गरिईनेछ ।

१०. पुर्णखोप निरन्तरता र दिगोपना कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

११. महिला स्वास्थ्य स्वयम सेबिकालाई थप प्रोत्साहन कार्यक्रम संचालन गरिईनेछ ।

१२. कुपोषित बालबालिका र जोखिम युक्त गर्भवति घरधुरी पहिचान गर्ने कार्यक्रम लाई निरन्तरता दिईनेछ।

१३. पुर्णपोषण मैत्री वडा, पालिका घोषणामा बिशेष जोड दिईनेछ।

१४. पालिकास्तरीय Data verification / validation कार्यक्रम लाई उच्च प्राथमिकतामा राखिईनेछ।

१५. HMIS Tools तथा मासिक प्रतिवेदन, अनुगमन पुस्तिका छपाईका लागि आवश्क बजेट बिनियोजन गरिईनेछ।

१६. स्वास्थ्य सस्थामा खानेपानी ब्यवस्थापन गरिईनेछ।

१७. खोप अत्यावश्यक औषधि तथा अन्य स्वास्थ्य सामाग्रीको नियमित आपुर्ती गरिईनेछ।

१८. खोप अत्यावश्यक औसधि तथा अन्य स्वास्थ्य सामाग्रीको स्वास्थ्य सस्था सम्म ढुवानी तथा स्वास्थ्यकार्यालयबाटआकस्मिक ढुवानि खर्चको ब्यवस्था गरिईनेछ।

१९. पालिकामा प्रयोगशाला स्थापना गरिईनेछ ।

२०. आकस्मिक स्वास्थ्य उद्धार तथा प्रेषण कार्यक्रम संचालन गरिईनेछ।

२१. मेडिक मोबाईल कार्यक्रम सुचारु गरिईनेछ।

२२. जेष्ठनागरीक तथा अपाङ्गता भएका ब्यक्ति लक्षित स्वास्थ्य शिबिर संचालन गरिईनेछ।

२३. आधारभुत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि आवश्यक बजेट बिनियोजन गरिईनेछ।

२४. स्वास्थ्य बिमा कार्यक्रमलाई पालिका भरी लागु गर्न आवश्यक पहल गरिईनेछ।

२५. एम्बुलेन्स सेवा २४औं घण्टा उपलव्ध गराईनेछ।

२६. पाठेघर खसेका महिला, महिलाहरुकालागि, आँखा उपचारकालागि, दँन्त उपचारकालागि सरकारि तथा गैर सरकारि संघ संस्थाहरुसँग समन्वय गरी आवश्य स्वास्थ्य सिविर सञ्चालन गरिईनेछ ।

२७. कोभिड १९ बिरुद्धका बिभिन्न खोपहरु संघ र प्रदेश सरकारको सहयोगमा गाउँपालिकाको सक्रयतामा २३,३२४ डोज खोप लगाइ कोभिड – १९ रोग बिरुद्धको प्रतिकात्मक क्षमतामा बृद्धि गराएको छ, कोभिडको पूर्ण मात्रा पुर-याउन स्वास्थ्यक्रमि परिचालन गरि पूर्ण खोप अभियान सञ्चालन गरिईनेछ ।

२८. काम गर्न असमर्थ भएका महिला स्वास्थ्य सेवीहरुलाई स-सम्मान विदाई गर्ने कार्यक्रम ल्याइनेछ ।

२९. प्रत्येक स्वास्थ्य सस्थामा दैनिक प्रयोगमा आउने सरसामाग्री ब्यवस्थापनका लागी आवश्यक बजेटको ब्यवस्थापन गरिईनेछ ।

३०. गाउँपालिका भित्र रहेका स्वास्थ्यका सम्पुर्ण स्वास्थ्यका संरचना हरुमा भौतिक तथा आवश्यक उपकरण तथा औसधिको पुर्ण ब्यवस्थापनका लागी ब्यवस्थापन गरिईनेछ ।

३१. स्वास्थ्य जस्तो संबेदनशिल सेवामा कार्यरत सम्पुर्ण स्वास्थ्यकर्मी महिला स्वास्थ्य स्वयं सेविका तथा जनप्रतीनिधिको स्वास्थ्य बिमा तथा दुर्घटना बिमाको ब्यवस्था गरिईने छ ।

३२. पालिका भित्रका सम्पुर्ण वडाहरुमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिईनेछ ।

३३. आखा उपचार केन्द्र स्थापनाका लागि नेपाल नेत्रज्योतीसँग आवश्यक सहयोग र समन्वय गरिईनेछ ।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

*१. स्थानीय आर्थिक विकासलाइ योजनावद्ध रूपमा कार्यान्वियनमा ल्याइनेछ । यस अन्तरगत स्थानीय प्रतिस्पर्धी वस्तु वा सेवाको सहभागितामूलक पहिचान गरी ती वस्तु वा सेवाहरूको समग्र मुल्य श्रृङ्खला (उत्पादन देखि बजारीकरण सम्म) मा गाउँपालिका, निजीक्षेत्र, र सहकारी (समुदाय) समेतको सहकार्यमा स्थानीय आर्थिक विकासका योजना अन्तरगतका कार्यक्रमहरू सञ्चालन गरिईनेछन ।*

*२. उल्लिखित बमोजिम स्थानीय आर्थिक विकासका सम्भावनाहरूको पहिचान र ब्यावसायिक परिचालनका लागि गाउँपालिकाले विशेष पहल गर्नेछ । यसका लागि स्थानीय तहमा ब्यावसायिक वातावरणको विकास गर्न गाउँपालिकाले नीजिक्षेत्र, सार्वजनिक क्षेत्र र*

*सहकारी (समुदाय समेत) को सहभागिता रहने गरी एक स्थानीय **आर्थिक विकास सम्वाद मञ्च** गठन गर्नेछ ।*

२. *नव प्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्न स्टार्टअप इकोसिष्टमको विकास गर्न उद्यमशाला सञ्चालन गरिनेछ । यस अन्तरगत स्थानीय आर्थिक विकास पूर्वाधार निर्माण, आर्थिक सशक्तिकरण तथा वित्तिय साक्षरता सहितको सीप विकास, उद्यमशीलता विकास तथा नव उद्यमशीलता प्रवर्ध्दन र विशिष्टिकृत वस्तुको उत्पादन तथा वजारीकरण समेटिनेछन ।*

## १) उद्योग तथा पर्यटन सम्बन्धी नीति तथा कार्यक्रम

१. औधोगिक तथा ब्यावसायिक विकासका लागि गाउँपालिका उद्योग वाणिज्य संघ सँग साझेदारीको नीति लिइनेछ। औधोगिक प्रदर्शनी स्थलको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडी बढाइनेछ।

२. उद्योग व्यवसाय दर्ता, नविकरण, स्थानान्तरण तथा नामसारी जस्ता प्रशासनिक प्रकृयालाई सूचना प्रविधिको प्रयोग गरी सरलीकरण र प्रभावकारी बनाइनेछ ।

३. लगानीमैत्री नीति तथा औधोगिक पूर्वाधार सुदृढीकरण गर्दै उद्योग तथा पर्यटनको विकासको नीति निइनेछ।

४. वैदेशिक रोजगारबाट प्राप्त रेमिटेन्सको ब्यावसायिक तथा उत्पादनमुलक क्षेत्रमा लगानी गर्ने वातावरण निर्माण गर्ने विशेष पहल गरिनेछ।

५. सम्पूर्ण स्वदेशी कच्चा पदार्थ गरी उत्पादन गर्ने साना तथा मझौला उद्योगहरुलाई उत्पादन स्थलसम्म सडक पूर्वाधार तथा विद्युतिकरणको पहुँच पुराइनेछ।

६. पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिकाको पर्यटन गुरुयोजना तर्जुमा गरी सोही आधारमा पर्यटन पूर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिईनेछ।

७. गाउँपालिका क्षेत्र भित्रका पर्यटकीय स्थलहरु जोड्न पर्यटकीय सडक संजाल कार्यान्वयन प्रारम्भ गरिईनेछ।

८. विभिन्न जातजातिको जातजाति परम्परागत पर्व, संस्कार र संस्कृतिहरुको प्रवर्द्धन गरिईनेछ।

९. गाउँपालिका भित्रका पर्यटकीय स्थलहरुको प्रचार प्रसारका लागि डकुमेन्ट्री प्रसारण र ब्रोशर हरुको वितरण गरिईनेछ।

१०. अन्तर गाउँपालिका सम्बन्ध प्रवर्द्धन गर्दै अन्य स्थानीय तहहरुका असल अभ्यासलाई अनुसरण गरी पर्यटन प्रवर्द्धन गर्न थप राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गाउँपालिका/नगरपालिकाहरुसँग भगिनी सम्बन्ध विस्तार गरिईनेछ।

# २)   सहकारी सम्बन्धी नीति तथा कार्यक्रम

१. सहकारी संस्थाहरुको संस्थागत सुशासन प्रवर्द्धन गर्दै निच्छेपकर्ताहरुको हित संरक्षणका लागि अनुगमनलाई प्रभावकारी तुल्याइनेछ।
२. उत्पादनमूलक सहकारीहरुको स्थापना गरिएमा विँउपूजी लगानीको रुपमा सहयोग उपलब्ध गराइने र वार्षिक उत्पादनका अनुदान दिने नीति लिइनेछ।
३. गाउँपालिका भित्र स्थापना हुने कृषि समूह निजी फर्म र सहकारीहरुको दर्ता तथा कार्य क्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित ढंगले अघि बढाइनेछ।
४. सहकारीहरुको माध्यमबाट उत्पादनशिल क्रियाकलापमा संलग्न नागरिकहरुको पूँजि संकलन तथा परिचालन गरी साना तथा स्वरोजगारीका अवसर श्रृजना गरी गरिबी न्यूनिकरण गर्ने योजनालाई निरन्तरता दिइनेछ।
५. कृषि लगायत विषयगत सहकारीलाइ सो क्षेत्रमा केन्द्रित भै लगानी गर्ने नीतिलाइ कठोर रूपमा कार्यान्वयन गरिईनेछ।

# सूचना तथा संचार सम्बन्धी नीति तथा कार्यक्रम

१. पत्रकार महासंघकोसहकार्यमा स्थानीय सञ्चार गृहहरुको सुदृढिकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने, गाउँपालिकाको निर्णय तथा सूचनाहरुमा सञ्चार संस्थाहरुको पहुँच बढाई खुल्ला सरकारको नीति लिइनेछ।
२. स्थानीय एफ.एम. र रेडीयोसँगको सहकार्यमा सञ्चालित "हाम्रो गाउँपालिका" प्रसारण कार्यक्रम सञ्चालन गरिईनेछ ।
३. गाउँपालिका क्षेत्र भित्रबाट प्रकाशित हुने स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाईन पत्रिकाहरुको व्यवसाय प्रवर्द्धन कार्यक्रमहरु संचालन गरिईनेछ।
४. विज्ञापन तथा सूचनामा स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ।
५. नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालिकालाई सूचनामैत्रि बनाइनेछ।

# न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन सम्बन्धी नीति तथा कार्यक्रम

१. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरुको शीघ्र निरुपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरुको प्रबन्ध मिलाइनेछ।
२. न्यायिक समितिका पदाधिकारी तथा कर्मचारीहरुको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयन गरिईनेछ।
३. सभाबाट हालसम्म निर्माण भएका ऐन कानूनहरुलाई संग्रहित गरी स्थानीय कानून संग्रह प्रकाशन गरिईनेछ।
४. मानव अधिकारको सम्मान, संरक्षण, सम्बर्द्धन र प्रवर्द्धनका लागि आवश्यक नीति तथा कानून तर्जुमा गरी प्रवर्द्धनात्मक कार्यक्रमहरु संचालन गरिईनेछ।
५. मेलमिलाप कर्तालाई थप तालिम  दिई मेलमिलाप केन्द्रको स्थापना गरिईनेछ।

# सुशासन सार्वजनिक सेवा क्षमता विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. *गाउँपालिका भित्र रहेका स्रोत साधन, सेवा केन्द्र लगायत सम्पूर्ण नागरिकहरुको पेशा व्यवसाय, सामाजिक आर्थिक अवस्था, रोजगारीको अवस्था सहितका विवरणहरु समावेश गरी विद्युतीय स्थानीय तह पार्श्व चित्र (Digital LG Profile) तयार गरिईनेछ।*

२. गाउँपालिका भित्रका नागरिकहरुको गुनासो तथा सेवा सम्बन्धी जिज्ञासा सुन्ने र सो को सम्बोधन अनलाईन प्रणाली कै माध्यमबाट गर्ने गरी नागरिक गुनासो ब्यवस्थापन प्रणाली (Citizen Grievances Response App) तयार गरी लागु गरिईनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्ने सम्बन्धमा बाँकीको बक्यौता, पेश्की, बेरुजु लगत विवरण अद्यावधिक गरी कडाईका साथ असुल उपर एवम् फछ्यौट गर्ने कार्य अगाडी बढाईनेछ ।

४. प्रत्येक महिनाको आय/व्ययको मास्केवारी गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटि तथा वेवसाइटमा प्रकाशित गरिईनेछ ।

५. गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएक क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिईनेछ ।

६. जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

७. गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ । सो कार्यलाई प्रभावकारी बनाउन प्रत्येक वडा कार्यालयहरु र सार्वजनिक स्थानहरुमा गाउँपालिकाको तर्फबाट सुझाव पेटिकाहरु राखिईनेछ ।

८. गाउँपालिकाबाट प्रवाह हुने योजना, लेखा, नक्सा, राजश्व लगायत सबै सेवाहरुमा सफ्टवेयर निर्माण गरी कागज विहीन प्रणाली बनाउन विद्युतीय प्रणालीलाई जोड दिईने छ ।

९. गाउँपालिकाको काम कारबाहीलाई व्यवस्थित, पारदर्शी तथा सम्पुर्ण नागरिक समक्ष पुर्याउन "हाम्रो गाउँपालिका" नामक मोबाइल एप्स निर्माण गरि वडा पत्रहरु, सूचनाहरु र गाउँपालिकाको प्रोफाईल आदिको जानकारी प्रदान गर्ने साथै फ्रि-वाईफाई जोन बनाउने नीतिलाई निरन्तरता दिईनेछ ।

१०. गाउँपालिकाको सुरक्षालाई चुस्तदुरुस्त एवम् प्रभावकारी बनाउन वडाका विभिन्न ठाउँमा , पर्यटकीय स्थल तथा सुरक्षा संवेदनशील क्षेत्रहरुमा सि. सि. टि. भि. क्यामेरा जडान गरिनेछ ।

११. आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ।

१२. गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको मिहिन ढंगले खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिईनेछ।

१३. गाउँपालिका भित्र रहेका असंगठित क्षेत्रका मजदुरहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन गरी निजहरुको रोजगार तथा सेवाको सुरक्षा र निजहरुको हित प्रवर्द्धन कार्यक्रम संचालन गरिईनेछ।

१४. विपन्न र न्यून आय भएका घर परिवार पहिचान गरी परिचयपत्र उपलब्ध गराई लक्षित कार्यक्रमहरु संचालन गरिईनेछ।

१५. सार्वजनिक खर्चलाई वैज्ञानिक अनुमान योग्य र नतिजामुखि तुल्याउन मध्यकालिन खर्च संरचना (MTEF) पद्धति प्रयोगमा ल्याइने छ।

१६. संघीय सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहहरुसँग आपसी सहकार्य र समन्वयको लागि अन्तर समन्वय तथा सहकार्य नीति तर्जुमा गरिईनेछ।

# वन, वातावारण, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

## १) खानेपानी तथा सरसफाई

१. खानेपानीको जटिलतम समस्याको तत्कालिन, अल्पकालिन र दिर्घकालिन समाधानका लागि सम्भाव्य स्रोतहरूको खोजी तथा योजना तयार गरी खानेपानीको उत्पादन तथा वितरणको ब्यवस्था मिलाइनेछ ।

२. जलाधार संरक्षण कार्यक्रम संचालन गरी गाउँपालिका भित्र रहेका भूमिगत पानीका मूलहरू, जलाधार र सिमसार क्षेत्रहरुको संरक्षण एवं प्रवर्द्धन गर्दै ती श्रोतहरुबाट खानेपानी आपूर्तिको प्रबन्ध मिलाइनेछ।

३. विभिन्न खोला, नदी तथा अन्य स्रोतबाट खानेपानीलाई आपूर्ति गर्ने व्यवस्थाको लागि प्राविधिक सम्भाव्यता अध्ययन गरी संघ सरकार र प्रदेश सरकारको सहकार्यमा निर्माण कार्य अघि बढाइनेछ।

४. जल पुनर्भरण योजना र वर्षातको पानी संकलन गर्ने प्रविधिलाई उपयोगमा ल्याउन प्रारम्भ गरिईनेछ।

५. सडक किनारा र सार्वजनिक स्थानहरुलाई हरियाली र सुन्दर तथा सफा राख्ने कार्य गरिनेछ।

६. टोल विकास संस्था र सामाजिक संघ संस्थाहरुसँग फोहोर संकलन तथा व्यवस्थापन कार्यमा सहकार्यको नीति लिइनेछ।

७. अस्पताल जन्य फोहोरलाई व्यवस्थित तुल्याउन सम्बन्धित निकायहरुलाई पूर्ण रुपमा जिम्मेवार बनाइनेछ। जथाभावी फोहोर फाल्ने र फोहोर गर्ने व्यक्तिलाई जरिवाना तथा अन्य दण्ड सजाय गर्ने नीति लिइनेछ।

## २) वातावरण, जलवायु परिवर्तनतथा विपद् व्यवस्थापन

१. जलवायु परिवर्तनको प्रतिकूल प्रभावहरूलाइ अनुकूलन गर्न गाउँपालिकाको क्षमता वढाउने साथै खाद्य उत्पादनलाइ प्रतिकूल असर नपर्ने किसिमले जलवायु उत्थानशीलता वृध्दि गर्ने । न्यून हरित ग्यास उत्सर्जनलाइ विकास गर्न प्रेरित गर्ने र सो सम्बन्धी अनुभव आदान प्रदान गरी गाउँपालिकाको क्षमता अभिवृद्धि गरिईनेछ।

२. पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने असर न्यूनिकरणको लागि प्रारम्भिक वातावरणिय परिक्षण (IEE) र वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन गरिईनेछ।

३. खाली जग्गामा वृक्षारोपण, हरियाली प्रवर्ध्दन तथा वनको संरक्षण र हैसियतमा सुधार गरी जल, जमीन तथा वातावरणको संरक्षण र जीविकोपार्जनको अवसरमा वृध्दि गरिईनेछ ।

४. पोखरी संरक्षण, पहिरो तथा गल्छि नियन्त्रण, विकासका पूर्वाधारको संरक्षण र नदि नियन्त्रण गरी जल, जमिन तथा जलाधारको संरक्षण तथा उत्पादनमा वृध्दि गरिईनेछ ।

५. भूसूचना प्रणालीको प्रयोग उच्च जोखिमयुक्त क्षेत्रको नक्शाङ्कन, जोखिमको विश्लेषण तथा जोखिम न्यूनीकरण योजना तयार गरिईनेछ ।

६. विपद जोखिम न्यूनीकरण र ब्यवस्थापन तथा जलवायु उत्थानशील योजना तर्जुमा गरी सो अनुसार विपद पुर्व तयारी, विपद न्यूनीकरण, प्रतिकार्य र पुनर्स्थापनाको कार्यलाइ ब्यवस्थित र प्रभावकारी वनाइनेछ ।

७. ढुंगा गिट्टि बालुवा जस्ता नदीजन्य पदार्थ र अन्य प्राकृतिक श्रोतहरुको अनाधिकृत एवं अवैज्ञानिक दोहनलाई नियन्त्रण गरिईनेछ।

८. सार्वजनिक निजी साझेदारीमा निर्माण पूर्वाधार निर्माण गरी फोहोर मैला प्रशोधन केन्द्रलाई ब्यावसायिक रुपमा संचालन गर्न नीतिगत तथा कानूनी व्यवस्था गरी फोहोर मैला संकलन, व्यवस्थापन र उपयोगको नीति लिइनेछ।

९. भुकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिइनेछ।

१०.विपद् जोखिम व्यवस्थापन कोषमा रकम अभिवृद्धि गर्दै प्रभावकारी श्रोत परिचालन गरिईनेछ।

११.गाउँपालिकाको विपद् जोखिम नक्साङ्कन गरी सोही आधारमा विशिष्ट प्रकृतिका विपद् जोखिम प्रतिकार्य तथा पुनर्उत्थान कार्यक्रमहरु संचालन गरिईनेछ।

१२. सम्बेदनशील जलाधार क्षेत्रका जमिनहरुको अतिक्रमण नियन्त्रण गरिईनेछ ।

# भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

१. नेपाल विद्युत प्राधिकरणबाट राष्ट्रिय प्रसारणलाईन गापाको केन्द्र सम्म पुग्ने क्रममा रहेकोले संघ सरकारसँग समन्वय गरी उक्त विधुतलाईनलाई सम्पुर्ण वडा भरी विस्तार गरीईनेछ।

२. प्रत्येक वडामा व्यवस्थित सडक सञ्जाल निर्माण गर्न सडकहरूको डिपिआर तयार गर्ने रणनीति ल्याउनुका साथै डिपिआर गरीएका सडकलाई थप व्यवस्थित बनाउने कार्यक्रम ल्याइनेछ।

३. गा.पा केन्द्रमा रहेको खेलमैदान र वडा नं. २ स्थित खुल्पूर खेलमैदानलाई थप व्यवस्थित गरिईनेछ।

४. निर्माणाधिन वडा कार्यालयहरू निर्माण सम्पन्न हुने चरणमा रहेको हुदा यथा सिघ्र कार्यालय संचालन गरिने व्यवस्था मिलाईनेछ।

५. निर्माण सम्पन्न हुन बाकी रहेका वडा कार्यालय आधारभुत स्वास्थ्य केन्द्र, निर्माण व्यवसायि संघ, आवश्यक प्रक्रिय पुरागरी यथासिघ्र निर्माण गरीने व्यवस्था गरिईनेछ।

६. गाउँपालिका सम्म पुग्ने मुख्य सडकलाई संघ र प्रदेश संग समन्वयगरी कालो पत्रे गर्न पहल गरिईनेछ।

७. वडा कार्यालय नभएका वडा नं. ५ का लागि वडा कार्य निर्माणका लागि पहल गरीनेछ।

८. स्थानीय सडकहरूलाई वर्ष भरी यातायात संचालन गरीने व्यवस्था गरिईनेछ।

९. भौतिक संरचना निर्माण गर्दा नक्सा पास, भुकम्प प्रतिरोधि प्रविधि अनुसार निर्माण गरीने कार्यलाई प्राथमिकता दिइनेछ र यसै आ.व. बाट भवन संहिता सम्बन्धी आवश्य कानून निर्माण गरी कार्यान्वयन गरिईनेछ ।

१०.यातायात गुरू योजना अनुसार सडक निर्माण कार्यलाई अगाडी बढाइनेछ।

११.सरकारी भौतिक संरचना निर्माण गर्दा अपाङ्ग/बाल मैत्रि संरचना निर्माण गरिईनेछ।

१२.सडक निर्माण गर्दा बातावरण मैत्री बनाउने नीति अबलम्बन गरिईनेछ।

१३.संघ र प्रदेश सरकारसँगको समन्वयमा पालिका स्तरमा सञ्चालित मुख्य रणनीतिक सडकहरुको स्तरोन्नति तथा कालो पत्रेकालागि आवश्यक बजेटको व्यवस्था गरिईनेछ ।

१४.कृषि उत्पादनमा जोड दिन सिचाँई सुविधाका लागि आवश्यक बजेटको व्यवस्था तथा ठूला सिचाँई आयोजना सञ्चालनको लागि संघ र प्रदेशसँग समन्वय गरिईनेछ ।

१५.लिफ्ट सिचाँइ योजना मार्फत मुख्यतया सुनर्या र महाकाली नदी आशपासका खेति योग्य क्षेत्रका लागि सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरिईनेछ ।

१६.खानेपानी सरसफाई तथा स्च्छता व्यवस्थापन निर्देशिका २०७७ को परीच्छेद ३ को ७ र ८ उल्लेख भए अनुसार खानेपानी, सरसफाई तथा स्वच्छत(वास) इकाई लाई निरन्तरता दिइनेछ।

१७.एक वडा एक खेलमैदान कार्यलाई निरन्तरता दिइनेछ।

१८.साना सिचाई योजनाहरु निर्माण कार्य संचालनमा ल्याईनेछ ।

# कृषि सम्बन्धी नीति तथा कार्यक्रम

१. बेमौसमी तरकारीको उन्नत बीउ विजन ८० प्रतिशत अनुदानमा वितरण गरिईनेछ ।

२. बेमौसमी तरकारी सम्बन्धी अगुवा कृषक तालिम सञ्चालन गरिईनेछ ।

३. अदुवा र बेसारको बीउ ८० प्रतिशत अनुदानमा वितरण गरिईनेछ ।

४. धान, मकै भटमास उन्नत बीउ ८० प्रतिशत अनुदानमा वितरण गर्ने ।

५. बेमौसमी तरकारी उत्पादन गर्न प्लाष्टिक छानो ९० प्रतिशत अनुदानमा वितरण गर्ने ।

६. हिउदे फलफूल विरुवा ५० प्रतिशत अनुदानमा वितरण गर्ने ।

७. बर्खे फलफुल विरुवा ५० प्रतिशत अनुदानमा दोब्बर वितरण गर्ने ।

८. कृषिजन्य बालिहरुको प्राकृतिक प्रकोपबाट हुने क्षतिको राहत कार्यक्रम संचालन गरिईनेछ ।

९. एक घर एक कम्पोस्ट खाडल निर्माण कार्यक्रम गरिईनेछ ।

१०. माटो उपचार शिविर कार्यक्रम संचालन गरिईनेछ ।

११. च्याउको बीउ ५० प्रतिशत अनुदानमा वितरण गर्ने र च्याउ खेति सम्बन्धी तालिम संचालन गरिईनेछ ।

१२. अमेरिकन फौजीकिरा नियन्त्रणको गर्नुको लागि व्यवस्था मिलाईनेछ ।

१३. उकृष्ट व्यावसायीक किसानलाई गाउँपालिकाबाट प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

१४. मौरी गोला सहितको घार वितरण तथा मौरी घार निर्माण तालिम संचालन गरिईनेछ ।

१५. स्थानीय रैथाने बाली जगेर्ना तथा उत्पादन कार्यक्रम संचालन गरिईनेछ ।

# पशु सम्बन्धी नीति तथा कार्यक्रम

१. पशुजन्य उत्पादनमा जोड दिदै किसानहरुलाई निःशुल्क पशु स्वास्थ्य सेवा उपलब्ध गरिईनेछ।

२. पशुपक्षी पालन किसानलाई वीमा सम्बन्धी अभिमुखीकरण कार्यक्रम संचालन गरिईनेछ ।

३. पशुजन्य उत्पादनमा जोडदिदै किसानहरूलाई निशुल्क पशु स्वस्थ्य सेवा उपलव्ध गराईनेछ।

४. पशुपक्षीपालन किसानलाई बीमा सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिईनेछन।

५. नक्ससुधार तथा आहार व्यवस्थापन कार्यक्रमा जोड दिइनेछ।

६. व्यवसायीक किसानहरूमध्ये बाट उत्कृष्ट कृषक/समुहलाई पुरूष्कृत गरिईनेछ।

७. मासु,अण्डा तथा दुधमा आत्मनिर्भर बनाउनकालागि बिशेष कार्यक्रम गरिईनेछन्।

८. बाख्रा पालन ,भैसिपालन, गाईपालन,विशेष प्याकेज कार्यक्रम मार्फत व्यवसायीकरणमा जोड दिइनेछ।
९. पशुसेवा विज्ञ केन्द्र संग समन्वय गरीनेछ कार्यक्रमहरु सञ्चालन गरिईनेछ ।
१०. बिभिन्न प्रकारका पशुपन्छी रोगहरूको निराकरणकालागि पशु बिज्ञ केन्द्र र गाउँपालिकाको सहकार्यमा खोपको व्यवस्था गरिईनेछ।
११. कुखुरापालन, बंगुरपालन र माछापालनमा बिशेष जोड दिइनेछ।
१२. पशुपन्छि उत्पादन बृद्धि र बजारिकरणमा जोड दिइनेछ ।
१३. समुह समिति गठन, बहुउद्देशीय फार्म कार्यक्रम सञ्चालन गरिईनेछ ।
१४. उन्नत जातका बाख्रा र बोका किसानहरुलाई उपलव्ध गराइनेछ ।
१५. कुखुरा पालन, बंगुर पालन र माछ पालनमा विशेष जोड दिइनेछ ।
१६. आन्तरिक तथा बाह्य परजिबी र अन्य लगायत रोगहरुको उपचार सम्बन्धी शिविर संचालन गरिईनेछ ।
१७. लम्फि स्किन भाईरस नियन्त्रणका लागि संघ सरकासँग पहल गरिईनेछ ।

# राजस्व तथा आन्तरिक श्रोत परिचालन नीति तथा कार्यक्रम

१. आन्तरिक आय व्यवस्थापन, प्राकृतिक स्रोत बिक्रि सम्बन्धी ऐन तथा नियमावली तर्जुमा गरी राजस्व परिचालनलाई थप व्यवस्थित तुल्याइनेछ।
२. आन्तरिक आयका स्रोतहरूको सम्भाब्यता अध्ययन, राजश्व बाँडफाँड, अन्तर सरकारी वित्तीय हस्तान्तरण, तथा गैससको स्रोत परिचालनको लागि स्थानीय सरोकारवाला, प्रदेश सरकार, र नेपाल सरकारका निकाय तथा गैसस र विकास साझेदार संग परामर्श, समन्वय, र साझेदारी गरिईनेछ।
३. करको दर सम्भव भएसम्म न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ। प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्यूनिकरण गर्दै लगिईनेछ।
४. गाउँपालिकाको आन्तरिक राजस्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिईनेछ।
५. वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिईनेछ।
६. विगतदेखि लिज वा वहालमा लगाइएका गाउँपालिकाको स्वामित्वमा रहेका संरचनाहरुको हाल प्रचलित बजार दर समेतलाई आधार मानी बहाल रकम पुनरावलोकन गरिईनेछ।
७. ढुंगा, गिट्टी बालुवा जस्ता नदीजन्य पदार्थको ठेक्का व्यवस्थापनमा संघीय वन सम्बन्धी कानूनका कारण उत्पन्न जटिलतालाई दृष्टिगत गरी वैकल्पिक पद्धतिको रुपमा गाउँपालिकाबाटै उत्खनन गरी बिक्री गर्ने विधि अवलम्बन गरिईनेछ।

८. करदाताहरुलाई आफुले तिर्नु पर्ने मोटामोटी कर दायित्व र कर तिर्ने समयसीमा समयमै जानकारी दिन निजहरुको सेल नम्बरमा विद्युतिय प्रणालीद्वारा सन्देश प्रावहित गर्ने नीति लिइनेछ।

९. करदाताहरुको अभिलेख व्यवस्थापन सुदृढ गर्दै उत्कृष्ट करदाताहरुलाई पुरस्कृत तथा सम्मानित गर्ने नीति लिइनेछ।

१०. कर प्रशासनलाई सूचना प्रविधिमैत्री एवं करदातामैत्री तुल्याउदै लगिईनेछ।

११. अव्यवस्थित वसोवासीहरुलाई लगाउदै आएको घरधुरी करलाई निरन्तरता दिइनेछ। घरको संरचना र प्रकृति अनुसार दरहरुको प्रगतिशिल पुनरावलोकन गरिईनेछ।

१२. करदाताको कर लगतलाइ ब्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा उपयोग गर्न, करदातालाइ कर सम्बन्धी सूचना प्रवाह गर्न डिजीटल कर प्रणाली लागु गरिईनेछ ।

१३. सम्पत्ति स्व-घोषणा कार्यक्रम संचालन गरी सम्पत्ति कर सूचारु गर्ने तर्फ अगाडी बढिईनेछ ।

# रोजगार सेवा केन्द्र सम्बन्धी नीति तथा कार्यक्रम

१. गाउँपालिकामा स्थापना भएको रोजगार सेवा केन्द्रलाई थप ब्यवस्थित बनाई आन्तरिक रोजगारी प्रर्वद्धन, दक्ष तथा सीपयुक्त जनशक्ती उत्पादन र रोजगारीका अवसर पहिचा गर्न यस शिवनाथ गाउँपालिकाको पाँच वर्षे रोजगार रणनीति बनाईनेछ।

२. न्यूनतम रोजगारीको प्रत्याभुति हुनेगरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न यस रोजगार सेवा केन्द्रबाट सञ्चालनहुने विकास निर्माणका आयोजनाहरुमा पालिकाबाट लागत साझेदारी गरिईनेछ।

३. स्थानीय स्तरमा रोजगारीको सृजना तथा प्रवद्धनको लागि सार्वजनिक विकास निर्माण कार्यहरुमा कामको प्रकृतिअनुसार रोजगार सेवा केन्द्रमा सूचीकृत भएका व्यक्तिहरुलाई खटाउने व्यवस्था मिलाईनेछ।

४. कामको अनुभव बाट प्राप्त सीपभएका व्यक्तिहरुलाई पूर्व सिकाईको मान्यता बिधि (Recognitions of Prior Learning) मार्फत सि.टी.ई.भि.टि बाट प्रमाणपत्र प्रदान गर्ने व्यवस्था गरिईनेछ।

५. यस शिवनाथ गाउँपालिकाको रोजगार सेवा केन्द्रबाट श्रम स्वीकृति तथा पुनः श्रम स्वीकृती दिने कार्यलाई थप व्यवस्थित बनाईनेछ ।

६. रोजगार सेवा केन्द्रमा वेरोजगार व्यक्तिहरूको नामावलि अध्यावधिक गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

# सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी नीति तथा कार्यक्रम

१. सामाजिक सुरक्षा भत्तालाई बैंकिङ्ग प्रणाली मार्फत अनिवार्य भुक्तानीको व्यवस्थालाई निरन्तरता दिइने छ, साथै नेपाल एस.बि.आइ. बैङ्कसँग समन्वय गरि गाउँपालिका र बैङ्कको सहकार्यमा घुम्ति सिविर मार्फत वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२. सामाजिक सुरक्षा भत्ता पाउने सम्पुर्ण लाभग्राही जेष्ठनागरीकहरूको सामाजिक सुरक्षा भत्ता निजहरुको नातेदार मार्फत भुक्तानी गर्ने व्यवस्था मिलाउन गाउपालिका र नेपाल एस.वि.आई. बैंक, शिवनाथ शाखा विच विश्वसनीय वातावरण सृजना गर्ने व्यवस्था गरिईनेछ।

३. घटना दर्ताका कार्यहरू विधुतीय माध्यम द्वारा अध्वावधिक गर्ने कार्य निरन्तर चलिरहनेछ।

४. बालबालिकाको हक अधिकार सुनिश्चित गर्न र निजहरूमाथि भएको विभेदीकरणको अन्यका लागि नीति तयार गरी बाल संजाल गठन गरिईनेछ।

५. शिवनाथ गा.पा बाट निर्मित बालविवाह न्युनिकरण सम्बन्धि तयार गरीएको ५ बर्षे रणनीतिक योजनालाई लागु गरिईनेछ।

६. दलित समुदायमा रहेको परमपरागत पेशा, सीप, कला र दक्षतालाई सुदृढीकरण र व्यवसायिकरण गर्ने कार्यक्रम संचालन गरिईनेछ।

७. जोखिममा रहेका एकल महिलाहरूको पहिचान गरी वडा तह र गा.पा तह को एकल महिला संजाल गठन गरी मागको आधारमा कार्ययोजना तयार पारिईनेछ।

८. लौङ्गिक हिंसा निवारण कोष कार्यविधि कार्यान्वयन गरी हिंसा पीडित महिलालाई राहात तथा पूर्नस्थापना गरिईनेछ।

९. भूमिहिन विपन्न वर्ग एकल महिला मुक्त हलिया लाई सुरक्षित नागरीक कार्यक्रम लागु गरिईनेछ।

१०. लौङ्गिक हिंसा छुवाछुत, महिनावारि जस्ता कुरीतिहरू तथा कुप्रथाहरूको अन्यका लागि विशेष कार्यक्रम संचालन गरिईनेछ।

११. गा.पा. भरी रहेका ग र घ वर्गका अपाङ्गहरूको तथ्याङ्क सङ्कलन गरी निजहरूको अधिकार सुनिश्चित गर्न गा.पा. स्तरीय अपाङ्गता संजाल गठन गर्ने व्यवस्था मिलाईनेछ।

१२. बाल श्रम मुक्त गाउँपालिका घोषणा गर्ने कार्यक्रम ल्याइने छ ।

१३. बिगतका हस्तलिखित घटना दर्ता कार्यलाई अनिवार्य रुपमा बुधुतिय माध्यमबाट अध्यावधिक गरिईनेछ ।

# बहुक्षेत्रीय पोषण सम्बन्धी नीति तथा कार्यक्रम

१. गर्भवती महिलाहरूलाई पोषण कोसेली स्वरूप पोषण खाद्य सामग्री वितरण गरिईनेछ।

२. प्रत्येक वडामा कम्तीमा एक"पोषण नमुना टोल" यसै आ.व.मा घोषणा गर्न सबै विषयगत शाखाहरूबाट बहुक्षेत्रीय पोषण योजनाको अवधारणा अनुसार एकिकृत कार्यक्रम बनाई कार्यान्वयन गरिईनेछ।

३. यस वर्ष एउटा वडालाई पोषणमैत्री वडा घोषणा गरिनेछ साथै आगामी ४ वर्षमा पोषणमैत्री गाउँपालका घोषणा गरिईनेछ ।

४. प्राथमिक विद्यालय जाने गरीब तथा अति विपन्न टुहुरा परीवारका विद्यार्थीहरूका लागि पोषण भत्ता उपलव्ध गराईनेछ।

५. संघीय तथा प्रदेशले गरेका पोषणका मापदण्डहरू पूरागरेका २ वटा वडालाई पोषणयुक्त वडा घोषणा गरी पुरस्कृत गरिईनेछ।

६. महिला र बालबालिकाको स्वास्थ्य अभिवृद्धि गर्नमा उल्लेखनिय भुमिका निर्वाह गर्दै आउनु भएका महिला स्वयं सेविकाहरूका लागि क्षमता विकास तथा प्रोत्साहनका लागि सम्मानका कार्यक्रम संचालन गरिईनेछ।

७. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ।

८. महिला बालबलिका लछित कार्यक्रम जस्तै बाल पोषण अनुदान, खोप कार्यक्रम, बालमैत्री स्थानीय शासन आदिमा समेत बहुक्षेत्रीय पोषण योजनालाई समाबेश गर्दै लगिईनेछ ।

९. विभिन्न सरकारि तथा गैर सरकारी संस्थाहरुसँग समन्वय गरी पोषण सुधारमा अभिबृद्धि गरिईनेछ ।

# उद्योग विकास सम्बन्धी नीति तथा कार्याक्रम

१. स्थानीय स्रोत साधनको अध्ययन गरिईनेछ ।

२. उद्यमशिलता विकास तालिम संञ्चालन गरिईनेछ ।

३. एक घर एक उद्योग अभियान अगाढी बढाईनेछ ।

४. स्थानीय स्रोत साधनबाट बस्तु उत्पादन गरी व्यवसायीक रुपमा अगाडी बढाईनेछ ।जस्तै- (कोदो, भटमास, मुसुरो, गहत, केराउ, बेसन र चना) बाट दालमोठ गरिनेछ । साथै आलुबाट चिप्स उत्पादन गरिईनेछ ।

५. बजार मागमा आधारित सिप प्रदान गरिईनेछ ।

६. उद्यमीहरुलाई लघु कर्जामा पहुँच गराईनेछ ।

७. उद्यमीको उत्पादनलाई उपयूक्त प्रविधिमा जोडीईनेछ ।

८. उत्पादनको बजार विस्तार तथा बजारिकरण र औद्योगीक भ्रमण कार्यक्रम गरिईनेछ ।

९. विद्यार्थीहरुमा व्यावसायीक ज्ञानको विकास गर्नका लागि १० कक्षा देखि माथिका कक्षाहरुमा उद्यमशिलता तथा व्यावसायीक योजन साक्षरता कार्यक्रम संञ्चालन गरिईनेछ । साथै पढदै कमाउदै अभियान अगाडी बदाईनेछ ।

१०. स्थानीय स्रोत खाद्यबाली जौबाट गुणस्तरीय बिस्कुट उत्पादन गरिईनेछ ।

११. सालको पातको दुना टपरि बनाउने आधुनिक तालिम दिईनेछ ।

१२. सादा चप्पल उत्पादन सम्बन्धी तालिम दिईनेछ ।

१३. अचार तालिम दिईनेछ ।

१४. दुधागा, जनैई, बनाउने तालिमको व्यवस्थापन गरिईनेछ ।

१५. हाते जोजीयारी कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

# सूचना प्रविधि सम्बन्धी नीति तथा कार्यक्रम

१. शिवनाथ गाउँपालिकामा एउटा सूचना प्रविधि सेवा केन्द्रको स्थापना गरिईनेछ।

२. शिवनाथ गाउँपालिकामा डिजिटल नोटिस बोर्डको स्थापना गरिईनेछ ।

३. प्रत्येक शाखाहरूमा सेवा प्रवाहका लागि नेटवर्किङ्ग सिस्टम जडान गरिईनेछ।

४. सबै मा.बि.,निमावि, आ.वि. र स्वस्थ्य चौकीमा सूचना प्रविधिका न्युनतम सामग्रीहरूको परीपुर्ति गरिईनेछ।

५. गाउँपालिकामा एउटा E-Library को व्यवस्था गरीनेछ। जसबाट शिक्षण सामग्रीहरूको परीपुर्ति गरिईनेछ।

६. सेवा प्रवाहलाई प्रविधियुक्त एवं कर्मचारीहरूको कार्य दक्षताका लागि आवश्यकता अनुरूप सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था मिलाईनेछ।

७. आ.वि., तह देखी मावि तह सम्म सबै विद्यालयमा इन्टरनेटको व्यवस्था मिलाईनेछ।

८. विद्यालयहरूमा कम्प्यूटर शिक्षामा जोड दिइनेछ।

९. विषयगत कम्प्युटर शिक्षक नभएको विद्यालयका शिक्षकहरूलाई कम्प्युटर तालिमको व्यवस्था मिलाईनेछ।

१०. गाउँपालिका, वडा कार्यालय र सामुदायीक विद्यालयमा ई-हाजिरीको व्यवस्था गरिईनेछ ।

११. गाउँपालिकाबाट हुने कार्य सम्पादन र सेवा प्रवाहलाई थप प्रविधिमैत्री बनाईनेछ ।

१२. सुचना प्रविधिमा विशेष जोडदिन आवश्यक सफ्टवेयर अनवेशण ताथ विकास गरिनेछ ।

१३. गाउँपालिकाको आफ्नै मोमाईल एप निर्माण गरिईनेछ।

# सस्थागत सुधार तथा शुसासन प्रवर्धनः

१. विदाको दिन र अतिरिक्त समयमा पनि काम काज गर्ने कर्मचारीलाई थप सेवा सुविधाको उचित व्यवस्था गरिईनेछ।

२. खरिद गुरु योजना तयार गरी कार्यक्रम संचालनमा ल्याइनेछ ।

३. कर्मचारीको हकमा कार्यसम्पादन र मुल्याङ्कनको आधारमा सेवा सुविधा थप्ने बातावरण सृजना गरिईनेछ।

४. जनप्रतिनिधि र कर्मचारीलाइ अनिवार्य स्वास्थ्य बिमा कार्यक्रमलाई निरन्तरता दिइने छ साथै आम जनतालाई स्वास्थ्य बीमा गराउन प्रेरित गराईनेछ।

५. कर्मचारी व्यवस्थापन एवं परीचालनमा तदारूकताका साथ कर्मचारीको दरबन्दी पुर्णता पठाईसकेकोले कार्यरत कर्मचारीलाई क्षमता अभिवृद्धि तालिम दिइनेछ।

६. कर्मचारीहरूलाई कार्य सम्पादनमा आधारित पुरस्कार र दण्डको व्यवस्था गरिईनेछ।

७. स्थानीय सेवा प्रवाहमा सर्वसुलभता र सेवाग्राहीको सहज पहुच ल्याउन विभिन्न घुम्ती सेवा शिविरहरू सञ्चालन गरिईनेछन।

८. प्रत्येक चौमासिक समाप्त भएको १५ दिन भित्रै सार्वजनिक सुनवाई कार्यक्रम सञ्चालन गरिईनेछ।

९. अनियमितता सरकारी सम्पत्तिको अनाधिकृत प्रयोग, अपचलन तथा दोहन र अन्य जुनसुकै अपराधिक कार्यमा संलग्न जोकोहि व्यक्तिलाई सम्पत्तिको निगरानी अनुसन्धान र छानविनको दायरामा ल्याइनेछ।

१०. कानून, संगठन र जनशक्तिलाई सुशासन र विकासमैत्री बनाईनेछ।

११. राष्ट्रसेवकहरूमा काम प्रति तत्पर हुने, सेवाभाव समयमै काम सम्पन्न गर्ने, उत्कृष्ट नतिजा दिने र जिम्मेवारी बहन गर्ने कार्य पद्धतिको विकास गरिईनेछ।

१२. सरकारी सेवालाई मर्यादित बनाई पेशागत दक्षता हासिल हुने गरी सरकारी सेवालाई नयाँ जीवन दिइनेछ।

१३. विकास आयोजना लगायत सम्पुर्ण कार्यक्रमहरूको अनुगमन मुल्याङ्कन गर्न अनुगमन प्रणालीलाई समय सापेक्ष सुधार गरी वैज्ञानिक पद्धति लागु गर्न विभिन्न कार्यविधि एवं कानुन निर्माण गरिईनेछ।

# विविध सम्बन्धी नीति तथा कार्यक्रम

१. परम्परागत सीपलाई व्यवसायीकरण गर्न विशेष ग्राहयता दिइनेछ।

२. शिवनाथ गाउँपालिकाका युवाहरुलाई लोक सेवा तर्फ आकर्षित गर्न लोक सेवा कक्षा सञ्चालन गरिईनेछ ।

३. गाउँपालिकाको कार्यलाई परिणाममुखी र थप व्यवस्थित गर्न आवश्यक पर्ने बिशिष्ठता र विज्ञयता हासिल गर्न कृषि बिज्ञ, पशु विज्ञ, कानूनि सल्लाहकार, शिक्षाविद / विज्ञ, राजनैतिक / समाजिक सल्लाहकार, वातावरण विज्ञ तथा सूचना प्रविधि विज्ञको परार्मशमा अगाडि बढने निति अवलम्वन गरिईनेछ ।

४. नेपालि नागरीकता र मतदता परिचय पत्रबाट वन्चित नागरिकलाई पालिका स्तरमा सेवा सुविधा उपलव्ध गराउन जिल्ला प्रशासन कार्यालय बैतडी र नेपाल सरकारसँग समन्वय गरिईनेछ ।

५. पिछडिएको बर्गलाई मुलप्रवाहीकरणमा ल्याउन विभिन्न सशक्तिकरणका कार्यक्रमहरू ल्याइनेछन।

६. सामाजिक विसंगती तथा विकृतीबाट हुन सक्ने द्वन्द न्युनीकरण तथा समाधान गर्नका लागि वडाहरूमामेलविलापकेन्द्रखडागरीने नीति ल्याइनेछ।

७. किसनाहरुको अन्नबालि नष्ट गर्ने जङ्गलि जनावर नियन्त्रणकालागि संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिईनेछ ।

८. लैसास नितिलाई पूर्ण रुपमा अवलम्वन गरिईनेछ।

९. मदिरा नियन्त्रणलाई थप प्रभावकारी बनाइ समाजमा शान्ति सुरक्षा कायम गरिईनेछ ।

१०. धार्मिक तथा पर्यटन क्षेत्रको प्रवर्द्धनको लागि आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।

११. बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सहयोगमा विभिन्न पर्यटन स्थल र सार्वजनिक स्थलमा सडक बत्तिको थप व्यवस्था गरिईनेछ ।

१२. जनताको गुनासो सुनका, अन्तरक्रिया गर्न जनतासँग जनप्रतिनिधि कार्यक्रम सञ्चालन गरिईनेछ।

१३. जोखिममा परेका आर्थिक अवस्था कमजोर भएका, दिर्घकालीन विरामिहरूकालागि,चितुवा आक्रमणर दुर्घटना परी ज्यान गुमाउनेका लागि गरिएको विपन्न नागरिक राहत कोषलाई निरन्तरता दिइनेछ।

१४. न्यायिक समितिको काम कार्वाहिलाई सशक्त र सुदृढ पारिईनेछ।

१५. जलबायु अनुकुलका बिभिन्न कार्यक्रमहरू सुचारू गरिईनेछ।

१६. विभिन्न रोजगारमुलक कार्यक्रमहरू संचालन गरिईनेछ।

१७. मोवाईल संचार नपुगेका स्थानहरूमा नेपाल टेलिकमसंग समन्वय गरी निर्माणको प्रक्रिया अघि बढाईनेछ।

१८. स्थानीय विकास निर्माणका कार्यमा बजेट विनियोजन गर्दा साना टुक्रे योजनाहरूमा विनियोजन गर्नेपरीपाटीलाई निरूत्साहित गरिईनेछ।

१९. रकत समूह पहिचान तथा तत् सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालनमा ल्याईनेछ ।

२०. वातावरणमा प्रतिकूल असर पारिरहेका सिसाजन्य र प्लास्टिकजन्य बस्तुहरुको उचित व्यवस्थापन मिलाईनेछ ।

## सभाका सदस्य महोदय,

प्रस्तुत नीति तथा कार्यक्रमको परीधि भित्र रही आगामी आर्थीक वर्ष २०८०/०८१ को सीमित स्रोत र साधनको अधिक्तम उपयोग गर्नका लागि तपसिल बमोजिमको अनुमानित आय प्रक्षेपण गरीएको व्यहोरा सम्मानित गाउँसभामा पेश गर्न चाहन्छु।

| क्र.स. | श्रोत | रकम रू. |
|---|---|---|
| १ | नेपाल सरकार राजस्व वाडफाड | ७,४९,१९,९००/- |
| २ | नेपाल सरकार वित्तीय समानीकरण अनुदान | ७,७९,००,०००/- |
| ३ | नेपाल सरकार शसर्त अनुदान | १७,३५,००,०००/- |
| ४ | नेपाल सरकार विशेष अनुदान पूजीगत | ७०,००,०००/- |
| ५ | नेपाल सरकार समपूरक अनुदान पूजीगत | १,००,००,०००/- |
| ६ | प्रदेश सरकार समपूरक अनुदान | ० |
| ७ | प्रदेश सरकार विशेष अनुदान | ६५,००,०००/- |
| ८ | प्रदेश सरकार वित्तीय समानीकरण | ६१,१५,०००/- |
| ९ | प्रदेश सरकार शसर्त अनुदान | ३४,५०,०००/- |
| ९ | प्रदेश सरकार राजस्व बाडफाड- सवारी साधन कर | १०,८३,०००/- |
| १० | आन्तरिक आम्दानी | ३०,००,०००/- |
| ११ | गा.पा. बचत मौजात | |
| | जम्मा | ३६,३४,६७,९००/- |

अन्तमा शिवनाथ गाउँपालिकाको आगामी आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम निर्माणको क्रममा सहयोग गर्नुहुने गाउँपालिका पदाधिकारी तथा राष्ट्रसेवक कर्मचारीहरू, नागरीक समाज, विज्ञ समुदाय, निजी तथा गैर सरकारी क्षेत्रहरू प्रति हार्दिक आभार प्रकट गर्दछु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सम्बद्ध सबै पक्षबाट सकारात्मक सहयोगको अपेक्षा गर्दछु।

## धन्यबाद।